सिस्ने गाउँपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३८ तथा
सिस्ने गाउँपालिका शिक्षा नियमावली, २०७६ को नियम ५९ बमोजिम

# शिक्षक सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना:**
सिस्ने गाउँपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३८ र सिस्ने गाउँपालिका शिक्षा नियमावली, २०७६ को नियम ५९ को अधिनमा रही सिस्ने गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, तथा बालविकास केन्द्रका सहजकर्ताहरुको सरुवालाई व्यवस्थित गर्नको लागि सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

## १. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क यो कार्यविधिको नाम "सिस्ने गाउँपालिकाका शिक्षक सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ रहेको छ"।

ख यो कार्यविधि सिस्ने गाउँपालिका भित्र र अन्तर्गतका सामुदायिक विद्यालयहरुमा हुने सरुवासम्बन्धी प्रयोजनमा लागू हुनेछ।

ग यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

घ यो कार्यविधिसिस्ने गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका आधारभूत तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार दरबन्दीमा कार्यरत शिक्षक तथा राहत अनुदानकोटामा कार्यरत शिक्षक हरुको सरुवाको लागि लागू हुनेछ।

## २. परिभाषा

क "ऐन" भन्नाले सिस्ने गाउँपालिका शिक्षा ऐन, २०७६ सम्झनुपर्छ। साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ।

ख "नियमावली" भन्नाले सिस्ने गाउँपालिका शिक्षा नियमावली, २०७६ सम्झनुपर्छ। साथै नियमावली भन्नाले प्रचलित संघीय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ।

ग "शिक्षा शाखा" भन्नाले सिस्ने गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

घ "कार्यविधि" भन्नाले शिक्षक तथा कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ सम्झनुपर्छ।

## ३. सरुवाको आधार तथा कार्यविधि

**(१) शिक्षा ऐन, नियमावली तथा यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको अधिनमा रही सरुवा गर्दा देहाय बमोजिमका आधारहरु अवलम्वन गरिनेछः**

क गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दी, तह तथा विषय मिल्ने भएमा मात्र गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँ शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ।

ख बालविकास सहजकर्ताको सरुवा गर्दा रिक्त कोटा हुनुपर्नेछ।

ग शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन विषय मिलाउनुपर्ने छ।

घ एकपटक सरुवा गरिएको शिक्षकलाई तीन बर्ष पुरा नगरी सरुवा गरिनेछैन।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ।

ङ सिस्ने गाउँपालिका शिक्षा नियमावली, २०७६ को नियम ५८ अनुसूची १२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक सरुवा गरिने छैन।

**(२) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमका कार्यविधिका आधारमा गर्नुपर्ने छ**

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा अधिकृतबाट सिफारिस भएमा।

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा।

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा।

(घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा।

(ङ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहंदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा।

(च) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा।

(छ) पति पत्नि दुवै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा।

(ज) विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक अन्यत्र व्यवस्थापन गर्नु परेमा दरवन्दी रिक्त रहेका वा थपिएका विद्यालयहरुको दरवन्दी विवरण तयार गरी व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीहरुको नियुक्ति मितिको आधारमा अस्थायीको सेवा अवधि आधा र स्थायीको सेवा अवधी पूरै जोडी हुन आउने जम्मा सेवा अवधि गणना हुनेगरी जेष्ठता क्रम कायम गरी सो अनुसार छनौट गर्न लगाई व्यवस्थापन गरिनेछ।

(झ) १५ दिनभन्दा बढी विदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक लाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ।

(ञ) सरुवा वा शिक्षक व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा सरुवावा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ।

(ट) शिक्षकको माग अनुसार सरुवा गर्दा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा बसेकार सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सहमती अनुमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

(ठ) तह, विषय र दरवन्दी मिलानको क्रममा सम्वन्धित शिक्षक र विद्यालयको सहमति वेगर पनिगाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक हरुलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा वा व्यवस्थापन गर्न सकिनेछ।

(३) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक, अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई निजको इच्छा विपरित एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन।

(४) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई सिस्ने गाउँपालिका शिक्षा नियमावली, २०७६ को नियम ५९ को अनुसूची–१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनु पर्नेछ।

४. सरुवा प्रकृयाः

(१) सरुवा हुन चाहने शिक्षक सरुवा हुनु पर्नाको कारण खुलाई नियुक्ति पत्र, नियुक्ति भएको विषय, अध्यापनरत विषय, शैक्षिक योग्यता, उमेर तथा हाल कार्यरत विद्यालयमा कार्य गरेको सेवा अवधि समेत खुल्ने गरी हाल कार्यरत विद्यालयको सहमति पत्र सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ।

निवेदनमा झुठ्ठा विवरण पेश भएको आधारमा कुनै पनि शिक्षक सरुवा भएमा त्यस्तो सरुवा रद्ध गरी झुठा विवरण पेश गर्ने शिक्षकलाई विभागीय कारवाही समेत गर्न सकिनेछ।

(२) शिक्षा अधिकृतले गाउँ शिक्षा शाखामा पेश भएका निवेदनहरु शिक्षा शाखाको अभिलेखसंग भिडाइ, रुजु गरी गाउँपालिकाअध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

(३) सरुवाको कार्यविधि र प्रकृया पूरा भई पेश भएका निवेदनहरु गाउँपालिका अध्यक्षको निर्देशनमा गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ। सरुवा गर्ने नगर्ने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ।

(४) गाउँ शिक्षा समितिमा सरुवा उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ।

(५) गाउँ शिक्षा समितिमा सरुवाको निर्णय भए पश्चात गाउँपालिका शिक्षा शाखाले सरुवा भएका शिक्षकलाई सरुवा पत्र उपलब्ध गराउनुपर्नेछ।

## ५ दरवन्दी मिलान

(१) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षक र राहत अनुदान तथा करार दरवन्दीको वितरण, पुनरवितरण, व्यवस्थापन तथा मिलानको लागि गाउँ शिक्षा समितिले कार्यदल गठन गरी कार्यदलको सुझाव समेतको आधारमा दरवन्दी मिलान सम्बन्धी उपयुक्त निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलले दरबन्दी मिलानका लागि आवश्यक मापदण्ड बनाई कार्यपालिकाबाट अनुमोदन भएपछि लागू गर्न सक्नेछ।

## ६. बाझिएमा हुने

यो कार्यविधि प्रचलित कानूनसंग बाझिएमाबाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## ७. ब्याख्या

यो कार्यविधिको प्रयोगमा दिविधा उत्पन्न भएमा सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

***